get ready QUEENSLAND

# तपाईंको परिवारलाई घर छोड्न (इभ्याक्यूएशन) का लागि तयार राख्नुहोस्

Queensland Government

**क्वीन्सल्याण्डमा हामी अद्भुत मौसम र जीवन शैलीको आनन्द लिन पाउछौं। तथापि, आँधी, भुँवरी, र बाढ जस्ता प्राकृतिक प्रकोपहरू हाम्रो वातावरणको एउटा अपरिहार्य अङ्ग बनेको छ। इतिहासले देखाए अनुसार, यिनीहरूबाट उत्पन्न खतराका सम्बन्धमा हामी शान्त भएर बस्ने जोखिम उठाउन सक्दैनौं।**

अहिले नै निम्न कुराहरू गरि आपातकालीन स्थितिहरूका लागि तयार रहनुहोस्:

- तपाईंको आपातकालीन योजना तयार गर्ने;
- तपाईंको आपातकालीन किट तयार गर्ने;
- तपाईंको घर तयार गर्ने; तथा
- चेतावनीहरू सुन्दै गर्ने।

यी सामान्य कामहरूले तपाईंलाई प्राकृतिक प्रकोपहरूको लागि तयार रहन, यसबाट बच्न, तथा यसको असर कम गर्न सहायता गर्न सक्छ।

यदि तपाईं बाढी वा आँधीबेहरीको सम्भावना रहेको क्षेत्रमा बस्नुहुन्छ भने, अहिले इभ्याक्यूएशनको योजना बनाएमा यस्तो आपातकालीन स्थितिमा तपाईंको समय र चाप कम हुन सक्छ।

आपातकालीन योजनामा घर छोड्ने (इभ्याक्यूएशन) व्यवस्थाहरू तयार गर्न तपाईंलाई मद्दत गर्ने तीनवटा कुराहरू यहाँ दिइएको छ:

**1. इभ्याक्यूएशन आवश्यकताहरूको पत्ता लगाउनुहोस्**

- के तपाईंको घर बाढी, आँधीबेहरी वा सुनामीको सम्भावित क्षेत्रमा अवस्थित छ?
  - सम्भावित खतराबारे जानकारीका लागि स्थानीय पुस्तकालय तथा परिषदमा हेर्नुहोस्।
  - स्थानीय चेतावनी सन्देश प्रणाली, इभ्याक्यूएशन प्रक्रिया तथा निर्धारित इभ्याक्यूएशन मार्गहरूबारे तपाईंको स्थानीय परिषदबाट बुझ्नुहोस्।
- आपातकालीन स्थिति आइ हालेमा तपाईं र तपाईंको परिवारलाई कुन कुन सहयोगहरू उपलब्ध हुन्छ?
  - स्थानीय सहयोग निकायहरूको सम्पर्क विवरण माग्नुहोस्।
  - यदि तपाईंको परिवारले इभ्याक्यूएट गर्दा सहयोग चाहिएमा, स्थानीय परिषद तथा सहयोग निकायहरूबाट कस्तो सहायता पाउन सकिन्छ पत्ता लगाउनुहोस्।
  - यदि पाल्तु पशुलाई आफूसँग लिएर जान नसकेमा उनीहरूको हेरचाह कसरी गर्ने हो यसबारे निधो गर्नुहोस्।

**2. तपाईंको पारिवारिक आपातकालीन योजनामा इभ्याक्यूएशन विवरण लेख्नुहोस्।**

- आँधीबेहरी वा बाढीको खतरा भएमा इभ्याक्यूएट गर्ने सुरक्षित स्थान पत्ता लगाइ राख्नुहोस्।
  - जमीनको अलिक भित्र भागमा वा उचाईमा अवस्थित कुनै इष्टमित्रहरूको सुरक्षित आवास सबभन्दा राम्रा विकल्पहरू हुन्।
  - तपाईंको आपातकालीन योजनामा इभ्याक्यूएशन विकल्पहरूको सम्पर्क र ठेगाना विवरण लेखेर राख्नुहोस्।
- इभ्याक्यूएशन पूर्व आवश्यक पर्ने सम्पूर्ण कामहरू पहिचान गरि लेखेर राख्नुहोस् र हरेक काम कसरी पूरा गर्ने भनेर परिवारका सदस्यहरूलाई थाहा हुनुपर्छ (जस्तै बिजुलिका समानहरू भुइँ भन्दा माथि राख्ने, पानी, बिजुली र ग्यासको लाईन बन्द गर्ने, नालामा बालुवाको बोरा राख्ने आदि)।

**3. तपाईंको परिवार तयार छन् र जानकारी पाएका छन् भन्ने सुनिश्चित गर्नुहोस्।**

- आफूसँग इभ्याक्यूएशन किटमा लाने व्यक्तिगत तथा पारिवारिक सामाग्रीहरूको सूची बनाउनुहोस् (इभ्याक्यूएशन किटमा राख्ने प्रस्तावित सामाग्रीहरूका लागि अर्को पटि हेर्नुहोस्)।
- इभ्याक्यूएशनका लागि आवश्यक कामहरूबारे परिवारका सबैजनालाई थाहा होस् भन्ने उद्देश्यले आपातकालीन योजनालाई नियमित हेर्ने तथा अभ्यास गर्ने (वर्षमा तीन पटक) गर्नुहोस्।
- छोटो समय भित्र इभ्याक्यूएट गर्नु परेमा प्रयोग गर्न ग्यारेजमा सुरक्षित तवरमा इन्धन भण्डार गरि राख्नुहोस्।
- आफ्नो क्षेत्रको इभ्याक्यूएशन मार्गबारे जान्न स्थानीय समुदायको सुरक्षा उद्घोषण (रेडियो तथा टेलिभिजनमा) सुन्दै गर्नुहोस्।
- तपाईंको इष्टमित्र तथा छरछिमेक, विशेष गरि वृद्ध र खास सहयोग चाहिने मानिसहरूलाई तयारीमा मद्दत गर्ने र चेतावनीहरूबारे जानकारी आदानप्रदान गरि मद्दत गर्नुहोस्।
- यदि तपाईं क्वीन्सल्याण्ड, वा अर्को राज्यमा जानु हुँदैछ वा बिदामा हुनुहुन्छ भने, र आश्रय लिने ईष्टमित्र छैनन् भने, इभ्याक्यूएशनका विकल्पहरू पत्ता लगाउन आफ्नो बासस्थान प्रबन्धक (एकमोडेशन म्यानेजर) लाई सम्पर्क गर्नुहोस्।

**इभ्याक्यूएशनको जाँचसूची**

- ☐ के इभ्याक्यूएट गर्नलाई आधिकारिक सूचना दिइएको छ?
- ☐ तपाईं कहाँ इभ्याक्यूएशन गर्नु हुनेछ त्यसबारे तपाईंलाई थाहा छ?
- ☐ के तपाईंले इभ्याक्यूएशन गर्ने ठाउँ अझ भित्रको जमिनमा, वा अग्लो ठाउँमा तथा सुरक्षित छ?
- ☐ के तपाईंलाई इभ्याक्यूएशनको मार्गबारे जानकारी छ?
- ☐ के तपाईंको सवारी साधनमा पर्याप्त इन्धन छ?
- ☐ के तपाईंले इभ्याक्यूएशन किट प्याक गर्नु भयो?
- ☐ के तपाईंले आपातकालीन किट र आपातकालीन योजनाको एक प्रति हाल्नुभयो?
- ☐ के तपाईंसँग परिवारको लागि आवश्यक औषधिहरू छन्?
- ☐ के तपाईंले महत्वपूर्ण कागजपत्र तथा बहुमूल्य वस्तुहरू प्याक गर्नु भयो?
- ☐ के तपाईंले घरको सम्पूर्ण बिजुली, ग्यास तथा पानीको लाईन बन्द गर्नुभयो?
- ☐ के तपाईंका पाल्तु पशुहरू सुरक्षित छन्?
- ☐ के तपाईंले घरलाई ताला लगाइ सुरक्षित राख्नु भएको छ?
- ☐ के तपाईंले आपातकालीन स्थितिको लागि पानी लिनुभयो?
- ☐ के तपाईंले छरछिमेकका वृद्ध वा अपाङ्गहरूको विचार गर्नुभयो?
- ☐ यदि तपाईंले उपरोक्त कुराहरू पूरा गर्नु भएको छ भने, आफूसँग आपातकालीन किट तथा इभ्याक्यूएशन किट छ भन्ने सुनिश्चित गर्दै इभ्याक्यूएशन योजना चालु गर्नुहोस्।

## सदा याद राख्नुहोस्

**आपातकालीन स्थितिका लागि तयार रहने, यसबाट बच्ने र यसको सामना गर्ने क्रममा तपाईंको परिवारले गर्ने महत्वपूर्ण काम भनेको एउटा आपातकालीन किट तयार गर्नु हो।**

**घरका सबै जनालाई आपातकालीन योजना राखिएको ठाउँबारे थाहा हुनुपर्छ।**

**कुनै आपातकालीन स्थिति आइ हालेमा के गर्नु भन्ने सबैलाई थाहा होस् भनेर हरेक केही महिनामा आपातकालीन योजना तथा इभ्याक्यूएशन व्यवस्थाको अभ्यास गर्नुहोस्।**

# इभ्याक्यूएशन किट

**तपाईंको इभ्याक्यूएशन किट एउटा बलियो, बोक्न सजिलो थैली वा पानीबाट सुरक्षित डब्बामा राखेर कुनै सुरक्षित ठाउँमा राख्नुपर्छ जहाँ सहजै पुग्न सकियोस्।**

**तपाईंको इभ्याक्यूएशन किट तपाईंको आपातकालीन किटको थप भागका रूपमा तयार गरिन्छ। तपाईंको आपातकालीन योजना चालु गर्दै तपाईंले इभ्याक्यूएट गर्नु हुँदैछ भने, आफ्नो आपातकालीन किट, आपातकालीन योजना, तथा इभ्याक्यूएशन किट आफूसँगै लिएर जानुहोस्।**

**तपाईंको इभ्याक्यूएशन किटमा समावेश गर्ने सामाग्रीहरू**


- परिवारका सबै सदस्यहरूका लागि, पानीदेखि सुरक्षित प्लास्टिकको थैलीमा फेर्ने केही जोड लुगा (सुरुवाल, लामो बाउलाको कमेच, टोपी र बलियो जुत्ता ठीक हुन्छ)
- अतिरिक्त आवश्यक औषधिहरू र पुनः लिने पुर्जी
- अतिरिक्त प्राथमिक उपचार सामाग्री, सनस्क्रीन, कीरा भगाउने औषधि
- अतिरिक्त प्रशाधन तथा सरसफाइ सामाग्रीहरू
- घरका प्रत्येक सदस्यहरूका लागि तकिया, स्लिपिङ ब्याग तथा कम्बल
- बच्चाहरूका लागि पुस्तक र खेल
- शिशुहरूका लागि अतिरिक्त खाद्य, खाने वस्तु र न्यापिहरू (चाहिएमा)
- बहुमूल्य वस्तुहरू, फोटोहरु (छापेको, कम्प्याक्ट डिस्क, USB डेटा स्टीक) तथा सम्झनाका चिन्हहरू पानीदेखि सुरक्षित हुने प्लास्टिक थैलीमा हालेर
- अतिरिक्त नगद पैसा
- मोबाइल फोन, अतिरिक्त ब्याट्री र चार्जर

**महत्वपूर्ण कागजपत्र**

- तपाईंको आपातकालीन किट र इभ्याक्यूएशन किटमा निम्न कागजातहरूको सक्कल अथवा प्रमाणित प्रति राख्नुहोस्।
- यी कागजातहरूलाई स्क्यान गरेर USB मेमोरि स्टिक वा CD मा राखेर किटमा हाल्नुहोस्। यी सबै सामाग्रीहरूलाई एउटा बन्द प्लास्टिकको थैलीमा राख्नुहोस्।

- ☐ घर तथा सरसामानहरूको बिमा सम्बन्धी कागज
- ☐ सवारी साधन तथा बहुमूल्य सामाग्रीहरूको बिमा सम्बन्धी कागज
- ☐ बहुमूल्य घरेलु सरसामानहरूको लगत
- ☐ इच्छापत्र तथा जीवन बिमाको कागजपत्रहरू
- ☐ घरको धनीपूर्जा/धितोबन्धकको कागज
- ☐ जन्म र विवाह प्रमाणपत्र
- ☐ पासपोर्ट/भिसा विवरण
- ☐ धितो र तमसुकहरू
- ☐ मेडिकेयर, पेन्सन कार्ड
- ☐ टीकाकरण विवरण
- ☐ बैंक खाता र क्रेडिट कार्डको विवरण
- ☐ महत्वपूर्ण कम्प्यूटर फाइलहरूको ब्याक अप प्रतिहरू
- ☐ पारिवारिक आपातकालीन योजनाको प्रति
- ☐ आपातकालीन स्थिति सम्पर्क फोन नम्बरहरू

## इभ्याक्यूएशन किट




यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।

© 2013 Department of Community Safety

आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि **www.disaster.qld.gov.au** मा हेर्नुहोस्।



Queensland Government